# फेडेरल मेजीष्ट्रेटस् कोर्ट द्वारा निर्गमनको निर्णयमा पूनरावलोकान

## यो प्रचा कसको लागी हो ?

यो प्रचा फेडेरल मेजीष्ट्रेटस् कोर्ट अष्ट्रेलीयाको (Federal Magistrates Court of Australia)– अदालतको – प्रवेशाज्ञा सम्बन्धीत निर्णयमा पूनरावलोकान गर्न चाहानेहरुको लागी हो ।

## कस्तो निर्णयको अदालतले पूनरावलोकान गर्न सक्दछ ?

*अदालतले केही निर्गमन नियमावली 1958 (Migration Act 1958)* को निर्णयहरुमा पूनरावलोकान गर्न सक्दछ । निर्गमन नियमावलीको मातहतमा निर्णय गर्न जिम्मेवार ब्यक्तीहरुमा अध्यागमन र नागरिक मन्त्री र सरणार्थी पूनरावलोकान इजलास (Refugee Review Tribunal) र निर्गमन पूनरावलोकान इजलास (Migration Review Tribunal) पर्दछन् ।

अदालतले यदी निर्णयमा 'न्याय प्रशासकीय त्रुटी' ('jurisdictional error') छकी भनी ठम्याउन मात्र पूनरावलोकान गर्दछ । यसको मतलव यदी अदालतले कानून बमोजीम निर्णय गरेको छ छैन भनी ठम्याउछ ।

## अदालतले के गर्न सक्दछ ?

यदि तंपाईको पूनरावलोकान निवेदन सफल भयो भने, अदालतले तंपाईको मुद्धालाई निर्णय गर्न जिम्बेवार ब्यक्तीहरुलाईनै पेश गर्न सक्दछ । अदालतले मन्त्रीलाई निर्णयमा कार्यकारी बन्न प्रतिबन्ध लगाउन पनि सक्दछ ।

## अदालतले के गर्न सक्दैन ?

अदालतले तंपाईलाई प्रबेशाज्ञा दिनु पर्दछ वा पर्दैन भनी तंपाईको निवेदनलाई पूनर्विचारको लागी श्रेष्ठता प्रदान गर्न सक्दैन ।

## के अदालत स्वतन्त्र छ ?

हो, अदालत निर्गमन नियमावलीको मातहतमा निर्णय गर्ने व्यक्तहरुदेखी स्वतन्त्र छ ।

## कसले निवेदन गर्न सक्दछ ?

यदि तंपाई निर्णय प्रति खुसी हुनुहुन्न, न्याय प्रशासकीय त्रुटी भएको विश्वास लाग्छ भने तंपाई अदालतमा निवेदन गर्न सक्नुहुन्छ। तंपाईले निवेदन पेश गर्नुभन्दा अगाडी कानूनी सल्लाह लिनुनै पर्दछ ।

## के अदालतको सुनुवाई गोप्य रीतले हुन्छ ?

सामान्यतया, अदालतको सुनुवाई सार्वजनीक हुन्छ । यदि तंपाईको मुद्दा आश्रय प्रवेशाज्ञा संग सम्बन्धित छ भने, अदालतलाई तंपाईको परिचय प्रकाशन गर्न निषेधीत छ ।

## के समय हद लागु हुन्छ ?

तंपाईले पूनरावलोकनकोलागी निवेदन निर्गमनले निर्णय दिएको मितीबाट 35 दिन भित्रमा गर्नु पर्दछ। अदालतले समय हद थप्न पनि सक्दछ। । यदि तंपाईलाई समय थप्नु परेमा निवेदनमा जनाउनु पर्दछ र कारण उल्लेख गर्नु पर्दछ ।

## मलाई कुनचांही फारम चाहीन्छ ?

निर्णयको पूनरावलोकनकोलागी निवेदन गर्न, तंपाईले पूरा गर्नैपर्छ :

- निवेदन, र
- शपथपत्र (affidavit)।

तंपाई यी कागजात **www.fmc.gov.au** अथवा तंपाईको नजिकको अदालतको रजीष्ट्रीमा (court registry) पाउन सक्नुहुनेछ ।

तपाईको निवेदनले निर्णयकर्ताद्धारा के न्याय प्रशासकीय त्रुटी भएको विश्वास गर्नुहुन्छ ठम्याउनु पर्दछ । तंपाईको शपथपत्रमा, तंपाईको सम्पूर्ण तथ्य र परिस्थिति संग सम्बन्धीत तथाकथित त्रुटीको उल्लेख गर्नु पर्दछ । तंपाईले शपथपत्रमा, पूनरावलोकन गर्नुपर्ने निर्णयको प्रतिलिपि र कुनै निर्णयका कारणहरुको विवरण संम्लग्न गर्नु पर्दछ ।

## मैले फारम कसलाई दिनु पर्दछ ?

पुरा भरेपछी, तंपाईले अदलतमा निवेदन र सम्बन्धित कागजातका साथ पेश गर्नु पर्दछ। पेश गरेपछी, छाप लगाएको निवेदनको र सम्बन्धित कागजातका प्रतिलिपि मन्त्री र प्रायजसो निर्णय गर्ने इजलासलाई दिनु पर्दछ। यस प्रक्रियालाई सर्भिस अफ डकुमेन्ट्स (service of documents) भनिन्छ।

तंपाई मन्त्रीकहां कागजात डिपार्टमेन्ट्स अफ ईमिग्रेसन एण्ड सिटिजनसीप (Department of Immigration and Citizenship) मार्फत पेश गर्न सक्नुहुन्छ। – विभाग – विभागका कार्यलयहरु हरेक राजधानी शहरमा छ। **www.immi.gov.au** मा जानुहोला अथवा ठेगानाको विवरणको लागी विभागमा **131 881** मा फोन गर्नुहोला।

## अदालतको सुनुवाईमा के हुन्छ ?

अदालतले सुनुवाईको मिति र समय निर्दिष्ट गर्दछ। अदालतको पहिलो मितिमा अदालतले आदेश र निर्देशन :

- तत्काल सुनुवाई
- दोश्रो र अन्तीम सुनुवाईको मिति
- रोक्ने अथवा आन्तरीक (अस्थाई) आदेश
- संसोधित अथवा थप कागजात पेश गर्ने।

यदि अदालतले तत्काल सुनुवाई अथवा दोश्रो सुनुवाईलाई अन्तिम सुनुवाई भन्दा अगाडीको आदेश दिएमा तंपाईले वहस गर्न लायक मुद्धा (arguable case) भएको देखाउन सक्नु पर्दछ। यदी तंपाईले वहस गर्न लायक मुद्धा भएको देखाउन सक्नु भएन भने अदालतले तंपाईको निवेदन अन्तिम सुनुवाई बिनानै खारेज गर्नपनी सक्दछ।

प्रतेक अदालतको सुनुवाईमा अदालतले तंपाईलाई आफ्नो मुद्धा संग संम्बन्धीत कुराहरु भन्ने मौका दिन्छ। यदि तंपाईको वकिल छ भने, उसले तंपाईको तर्फबाट बोल्दिन्छ। प्रायजसो मन्त्रीको प्रतिनिधित्व वकिलले गर्दछ , र तंपाई अथवा तंपाईको वकिललाई तिनीहरुले अदालतमा के भन्छ त्यसको जवाफ दिने अवसर हुन्छ। अदालतले माफी दिए बाहेक, जहिले सुनुवाई भएपनी तपाई अदालतमा हाजीर हुनै पर्छ।

धेरैजसो अदालतले उनीहरुको घोषणा अन्तिम सुनुवाईमा गर्दछ। यदि नभए, तंपाईलाई अदालतले कहिले निर्णयको घोषणा गर्दछ भनी मिति तोकीदिन्छ।

## दोभाषेको बारेमा के हुन्छ ?

तंपाई अदालतमा दोभाषे फोन सेवा **131 450** मा फोन गरी सम्पर्क गर्न सक्नु हुन्छ। यदि अदालतको सुनुवाईमा दोभाषे चाहिन्छभने, तंपाईले निवेदनमा उल्लेख गर्नु पर्दछ।

## मैले कुनै रकम तिर्नु पर्छ ?

तंपाईले निवेदन पेश गर्दा शुल्क तिर्नै पर्दछ र अन्तिम सुनुवाईको लागी अर्को शुल्क तिर्नु पर्दछ। कुनै समयमा शुल्क नलाग्न पनी सक्दछ। शुल्कको बारेमा थप जानकारी लिन चाहानु हुन्छभने, अदालतको रजिष्ट्री कर्मचारी संग सोध्नुहोला।

यदि अदालतले तंपाईको निवेदन खारेज गरेमा तंपाईले विभागको कानूनी खर्च तिर्न पर्न सक्छ। यदि तंपाई सुनुवाई बिनानै मुद्धा रोक्न चाहानु हुन्छ भने, प्रायजसो विभागको सहुलियत कानूनी खर्च मात्र तिर्नु पर्दछ।

## के म मेरो मुद्धा फिर्तालिन सक्छु ?

सक्नुहुन्छ, यदि तंपाईको अन्तिम सुनुवाई 14 दिन भित्र छ भने, तंपाईले मुद्धा रोक्न अदालतको अनुमती लिनुपर्दछ।

## के मलाई कानूनी सल्लाह चाहिन्छ ?

तंपाईले आफ्नो मुद्धाको बारेमा सकेसम्म चांडो कानूनी सल्लाह लिनुपर्दछ। लिगल एड अफीस अथवा कम्युनिटि लिगल सेन्टर बाट तंपाईले केहि निशुल्क सल्लाह लिन पनि सक्नुहुन्छ। नभए, तंपाई आफ्नै वकील रोज्न पनि सक्नुहुन्छ र उक्त सेवाको पैसा लाग्छ।

यो प्रचाले साधारण जानकारी मात्र प्रदान गर्छ र कानूनी सल्लाह प्रदान गर्दैन। यदि तंपाईको कानूनी कुरा छन् भने, तंपाईले के गर्नेहोला भन्नु अथवा अदालतमा निवेदन गर्नु पहिले वकीलसंग सम्पर्क गर्नुपर्दछ। फेडेरल मेजीष्ट्रेटस् कोर्टले (Federal Magistrates Court) कानूनी सल्लाह प्रदान गर्दैन।